बैठक नं.१४ आ.व. २०८१/८२

स्थानः पालिका अध्यक्ष ज्यूको कार्यकक्ष मितिः २०८१।१०।२४ गते विहिवार

समयःविहान ७.३० बजे

उल्लेखित समय,मिति र स्थानमा बढैयाताल गाँउपालिकाका अध्यक्ष श्री हिमालय त्रिपाठी ज्यूको अध्यक्षतामा तपसिल अनुसार सदस्य ज्यूहरूको उपस्थितिमा गाँउ कार्यपालिकाको बैठक वस्यो । उपस्थिति तथा भएका निर्णयहरू यस प्रकार छन ।

| सि न | नाम थर | पद | | कार्यपालिका | दस्तखत |
|---|---|---|---|---|---|
| १ | श्री हिमालय त्रिपाठी | अध्यक्ष | | अध्यक्ष | |
| २ | श्री लक्ष्मी कुमारी अधिकारी | उपाध्यक्ष | | सदस्य | |
| ३ | श्री ~~प्रेम बहादुर थापा क्षेत्री~~ रग्गु ब. सुनार | ~~वडा अध्यक्ष~~ का. वडा अध्यक्ष | | सदस्य | |
| ४ | श्री डिला देव गिरी | वडा अध्यक्ष | | सदस्य | |
| ५ | श्री लल्लन अहिर | वडा अध्यक्ष | | सदस्य | |
| ६ | श्री नरे थापा | वडा अध्यक्ष | | सदस्य | |
| ७ | श्री तुलाराम चौधरी | वडा अध्यक्ष | | सदस्य | |
| ८ | श्री शुक्रराज सापकोटा | वडा अध्यक्ष | | सदस्य | |
| ९ | श्री राधे श्याम थारू | वडा अध्यक्ष | | सदस्य | |
| १० | श्री तेजनाथ पौडेल | वडा अध्यक्ष | | सदस्य | |
| ११ | श्री ~~विष्णु प्रसाद~~ विर व. थारु | का.वडा अध्यक्ष | | सदस्य | |
| १२ | श्री टिकाराम सुनार | कार्यपालिका सदस्य | | सदस्य | |
| १३ | श्री आइत राम परियार | कार्यपालिका सदस्य | | सदस्य | |
| १४ | श्री चन्द्रकला वि क | कार्यपालिका सदस्य | | सदस्य | |
| १५ | श्री दिलमाया सुनार | कार्यपालिका सदस्य | | सदस्य | |
| १६ | श्री देवी सरा रैदास | कार्यपालिका सदस्य | | सदस्य | |
| १७ | श्री कोपीला मल्ल | कार्यपालिका सदस्य | | सदस्य | |
| १८ | **श्री विकाश शर्मा रिजाल** | **प्रमुख प्रशासकीय अधिकृत** | | सचिव | |

आमन्त्रीत

| सि.न. | नाम थर | पद | कार्यरत शाखा | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री रमेश डाँगी | सहाय चौथो | जिन्सी शाखा | |
| २. | उसमान साईं | अधिकृत छैटौं | प्रशासन | |
| ३ | देवराज गिरि | ए.ले.प. | आर्थिक प्रशासन शाखा | |

बढैयाताल गाँउपालिकाको आ.ब.०८१/०८२ को बैठक नं. १४ मा प्रस्तुत भएका प्रस्ताव र निर्णय

बैठक मितिः २०८०१/१०/२४ समयः दिनको ७.३०ब

प्रस्ताव नं. १ बैठकको अध्यक्षताः गाँउपालिका अध्यक्ष श्री हिंमालय त्रिपाठी

<u>प्रस्तावको विषयः</u> आगामी आ.ब.०८२/०८३ का लागी तराई-मधेश समृद्धि कार्यक्रम अनुदान रकमबाट संचालन हुने आयोजना स्वीकृत गरिदिन माँग गर्ने सम्बन्धमा।

<u>निर्णयको कानूनी अधारः</u> स्थानीय सरकार संचालन एन -२०७४ को परिच्छेद-१० दफा ६९(२) ग र परिच्छेद-१५ १०६(१) छ

<u>निर्णय हुनु पर्ने विषयः</u> आगामी आ.ब.०८२/०८३ का लागी तराई-मधेश समृद्धि कार्यक्रम अनुदान रकमबाट संचालन हुने आयोजना छनोट गर्नु पर्ने।

<u>भएको निर्णयः</u> प्रस्तुत विषयमा आगामी आ.ब. ०८२/०८३ का लागि तराई-मधेश समृद्धि कार्यक्रम संचालन निर्देशिका-२०७९(पहिलो संशोधन) बमोजिम अनुदान रकम माँगका लागि आयोजना छनोट गरि पठाउन मिति २०८१/०९/२९ गतेका दिन सूचना प्रकाशित गरिएकोमा यस गाँउपालिका अन्तरगत तपसिल अनुसारको आयोजना स्तीस्तरबाट माँगहुदै पालिकामा पटक पटक आएकोमा हाल सम्म बजेट अभावले संचालन गर्न नसकिएको र आयोजना स्वीकृत भै सम्पन्न भएमा नेपालगंज-गुलरिया सहायक राजमार्ग संग यस पालिका सहजै जोडिनुका साथै पालिका अन्तरगत सबै वडामा उत्पादित कृषि उपजको बजारिकरणमा सहज हुने साथै पालिका अन्तरगतका सबै किसानको जिबिकोपार्जनमा प्रतक्ष असर गरि आयस्रोतमा माथि उकासन रणनितिक भूमिका रहने हुनाले तपसिलको आयोजना आगामी आ.ब.०८२/०८३ मा तराई-मधेश समृद्धि कार्यक्रम अनुदान रकमबाट संचालन हुने गरि स्वीकृतका साथै रकम विनियोजनका लागि अनुरोध गर्ने सर्वसहमतिबाट निर्णय गरीयो।

तपसिल

१. कालोपत्रे(अक्सफाल्ट) बाटो निर्माण, बढैयाताल-६,सर्वोदय स्कूल देखि भदोहि हुदै जुम्ली टोल जाने बाटो।

<u>प्रमाणिकरणः</u> स्थानीय सरकार संचालन एन-२०७४को दफा ८४ उपदफा २ बमोजिम

नामः विकाश शर्मा रिजाल

कार्यपालिका सचिव एवम् प्रमुख प्रशासकीय अधिकृत

मितिः २०८१/१०/२४

गाउँकार्यपालिकाको आ.ब.०७९/०८० बैठक नं. १४ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२४ समय: विहान ७: ३० बजे

प्रस्ताव नं.: २ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्ताव: आर्थिक साहायता/घर भाडा/ स्कारपियो गाडी भाडालिने तथा विविध विषय सम्वन्धा । |
| निर्णयका कानुनी आधार : स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम |
| निर्णय हुनु पर्ने : आर्थिक साहायता/घर भाडा/ स्कारपियो गाडी भाडामा लिने तथा विविध विषयमा हुनु पर्ने। |
| **निर्णय न १.** वडा न.८ मयुरवस्ती अवस्थित मयुर युवा क्लव लाईमा.वि.विद्यालय स्तरीय मयुर कप फुटबल प्रतियोगिता २०८१ को लागी रु ४५ हजार आर्थिक सहायता दिने निर्णय गरियो । **निर्णय न.२** बढैयाताल निवासी वडा न.८ भद्र वहादुर सार्किको घर मिति २०८१/१०/१२ गते आगलागी क्षेति भएकोले निजलाई रु ७ हजार आर्थिक साहायता दिने निर्णय गरियो । **निर्ण न.३** बर्दिया आँखा अस्पताल मधुवन न.पा.६ सानोश्री ताराताल वर्दियालाई यस गाउँपालिकाेको वडाहरुमा आँखा शिविबिर संचालन गर्दा गाडी प्रयोग गर्दा लागेको जाम्मा १५० लिं.डिजेल उपलब्ध गराउने निर्णय गरियो । **निर्णय न.५** यस कार्यालयका प्रमुख प्रशासकीय अधिकृत क्वाटर र सामान स्टोर गर्नको लागि प्रयोग गदै आएको घर धनि सुमित्रा सुवेदीको घर मिति २०८१-१०-१५ गते देखि लागु हुने गरी साविकको घरभाड दरमा १० प्रतिश त थप गरी कर सहित रु ११९००। घरभाडा प्रत्येक महिना भुक्तानि हुने गरि १ वर्षको लागि घरभाड थप गर्ने निर्णय गरियो । **निर्ण न.६** यस कार्यालयको गाडी दुर्घटना भई मर्मतको क्रममा रहेकोले कार्यालयमा हाल गाडिनै नभएकोले योंजनरुको अनुगमन तथा कार्यालयको दैनिक कार्य संचालनको लागि मिति २०८१/१०/१८ गते देखि लागुहुने गरि मिति २०८२ असाल मसान्त सम्मको लागी स्कारपियो गाडि प्रति महिना मासिक रु करवाहेक ८५ हजारका दरले दिने गरी भाडामा लिने निर्णय गरियो । निर्णय न.७ यस कार्यालयको नाममा दर्ता भएको ट्रिप्परको सवारि चालक नभएकोले उत ट्रिप्पर संचालनको लागि ट्रिप्पर सवारी चालक १ जना करार सेवामा राख्ने निर्णय गरियो । |
| स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २२ ज बमोजिम<br>प्रमाणीकरण<br>नामः विकाश शर्मा रिजाल<br>कार्यपालिका सचिव एवंम निमित प्रमुख प्रशासकीय अधिकृत<br>मिती : २०८१/१०/२४<br>विकाश शर्मा रिजाल<br>प्रमुख प्रशासकीय अधिकृत<br>बढैयाताल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मैनापोखर,बर्दिया लुम्बिनी प्रदेश,नेपाल |

गाँउकार्यपालिकाको आ.ब.०७९/०८० बैठक नं. १४ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२४ समय: विहान ७: ३० बजे

प्रस्ताव नं.: ४ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

| |
|---|
| प्रस्ताव- चालु आ.वं. २०८१÷०८२ को लागि तालिम छनौट गर्ने सम्बन्धमा । |
| निर्णयका कानुनी आधार : प्रधानमन्त्री रोजगार कार्यक्रम मन्त्रालय निर्देशिका २०७५ बमोजिम |
| निर्णय हुनु पर्ने चालु आ.व. २०८१÷०८२ को लागि तालिम छनौट गर्नु पर्ने। |
| निर्णय न १.चालु आ.व. २०८१।०८२ मा बढैयाताल गा.पा. मार्फत रोजगार सेवा केन्द्र अन्तर्गत छलफल गर्दा सिप तथा क्षमता विकास तालिमहरु मध्ये प्लम्बर तालिम संचालन गर्ने निर्णय गरियो ।<br>निर्णय नं.२ श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, प्रधानमन्त्री रोजगार कार्यक्रम सिंहदरबार काठमाडांैको च.नं. १२१ मिति २०८१।०६।१६ गतेको सिप विकास तामिमको संचालन पत्रानुसार युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना (संचालन तथा व्यवस्थापन पहिलो संशोधित कार्यविधि २०७९ को दफा ३३ बमोजिम तपसिलमा उल्लेखित कार्यस्थलमा आधारित सिप विकास तालिम संचालन गर्न १५ दिने सुचना आव्हान गर्ने निर्णय गरियो । |
| स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा२२ ज बमोजिम<br>प्रमाणीकरण<br>नाम: विकाश शर्मा रिजाल<br>कार्यपालिका सचिव एवंम निमित प्रमुख प्रशासकीय अधिकृत<br>मिती : २०८१/१०/२४<br>विकाश शर्मा रिजाल<br>प्रमुख प्रशासकीय अधिकृत |

गाँउकार्यपालिकाको आ.ब.०७९/०८० बैठक नं. १४ मा प्रस्तुत भएका प्रस्ताव र भएका निर्णय

बैठक मिति : २०८१/१०/२४ समय: विहान ७: ३० बजे

प्रस्ताव नं.: ३ बैठकको अध्यक्षता: गाँउपालिका अध्यक्ष श्री हिमालय त्रिपाठी

प्रस्ताव: प्रधान मन्त्री रोजगार सम्वन्धा।

निर्णयका कानुनी आधार : प्रधानमन्त्री रोजगार कार्यक्रम मन्त्रालय निर्देशिका २०७५ बमोजिम

निर्णय हुनु पर्ने : प्रधान मन्त्री रोजगार कार्यक्रम सन्चालन हुनुपर्ने |

**निर्णय न १.** वडा न.१ यस पालिकामा प्रधान मन्त्री रोजगार कार्यक्रम सन्चालन गर्न आई.डी बाट रु २७००००० र नेपाल सरकार बाट रु २३२२०००/ गरि जम्मा रु ५०२२०००/ प्राप्त रकमबाट यस पालिका अन्तरगत रेहा तपसिल अनुमासरका वडामा तपसिलको संख्यामा प्रधान मन्त्री रोजगार कार्यक्रम सन्चालन गर्न व्यक्ति छनोट गर्ने निर्ण गरियो।

| वडा | बेरोजगार संख्या | निर्धारण संख्या | रकम | श्रोत |
|---|---|---|---|---|
| १ | ६४ | ७ | ४६७६०० | नेपाल सरकार |
| २ | १९८ | ८ | ५३४४०० | आई.डि.ए |
| ३ | १८४ | ७ | ४६७६०० | नेपाल सरकार |
| ४ | ३४८ | ८ | ५३४४०० | आई.डि.ए |
| ५ | १६६ | ७ | ४६७६०० | नेपाल सरकार |
| ६ | १४७ | ८ | ५३४४०० | आई.डि.ए |
| ७ | १४६ | ८ | ५३४४०० | आई.डि.ए |
| ८ | १५८ | ८ | ५३४४०० | आई.डि.ए |
| ९ | ३०३ | १३ | ८६८४०० | नेपाल सरकार |
| जम्मा | १७१४ | ७४ | ४९४३२०० | |

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८४ उपदफा २२ ज बमोजिम
प्रमाणीकरण
नाम: विकाश शर्मा रिजाल
कार्यपालिका सचिव एवंम निमित प्रमुख प्रशासकीय अधिकृत
मिती : २०८१/१०/२४

विकाश शर्मा रिजाल
प्रमुख प्रशासकीय अधिकृत